# आयोगबाट मिति २०८१/१२/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा प्रतिवादीहश्रको हकमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद सिग्देल समेत (वि.अ. को मु.नं. ०८०-CR-००५९), वि.अ. को फैसला मिति २०८१।१।३१ | राजश्व चुहावट गरी भ्रष्टाचार गरेको। | (क) चन्द्रपुर नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल र लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदीको हकमाः- यी प्रतिवादीहरुको आपसी मिलोमतोमा प्रतिवादीहरुलाई गैरकानूनी लाभ तथा नगरपालिकालाई हानी नोक्सानी हुने गरी सम्झौता गर्दा लिनुपर्ने रकम र बैंक जमानत नलिई सम्झौता गरेको हुँदा निज प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरमा बिगो रू.१५,६८,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (च) बमोजिम कैदको सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रू.१५,६८,०००।-को दोव्वर जरिबाना हुन मागदावी लिई आरोपपत्र दायर भएको अवस्था देखिन्छ।<br>आशिक कन्स्ट्रक्सन जिल्ला रौतहट वृन्दावन न.पा.-६ का सञ्चालक | विशेष अदालत काठमाण्डौवाट भएको मिति २०८१।०१।३१ को फैसला ।<br>प्रस्तुत मुद्दामा प्रतिवादीहरुले राजस्व चुहावट गरेको भन्ने आरोप दाबी बमोजिमको कसुर भएको देखिन नआएकोले प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल, कीर्तिराज सुवेदी र रामविनोद राउत बरैले आरोप दाबीबाट सफाइ पाउने ठहर गरी विशेष अदालत काठमाण्डौवाट मिति २०८१।०१।३१ मा फैसला भएको देखिन्छ ।<br>विशेष अदालत काठमाण्डौवाट प्रतिवादीहरुलाई आरोपदावीवाट नै सफाई दिने गरी फैसला गर्दा लिएका आधारहरुः<br>क) प्रस्तुत मुद्दामा राजस्व चुहावट गरेको भनी दाबी गरिएको रकम असुल गर्ने प्रक्रियामा रहेकोले सो रकमलाई राजस्व चुहावट गरेको मान्न मिल्ने नदेखिएको।<br>ख) प्रतिवादीहरु उपरको आरोपदावी शंकारहित तवरमा पुष्टि हुन सक्ने अवस्था नदेखिएको । | (क) प्रस्तुत वारदातमा चन्द्रपुर नगरपालिकाले नदीजन्य पदार्थ बिक्रीको लागि ठेक्का नं.१८/०७७/०७८ मा सम्झौता गर्दा कबोल अंकको ५० प्रतिशत र बाँकी ५० प्रतिशतको कार्य सम्पादन बैंक जमानत बुझाएपछि मात्र ठेक्का सम्झौता गर्नु पर्नेमा सोको प्रतिकूल ठेकेदारसंग सम्झौता गर्दा कबोल अंक रु.३६,००,०००।- को ५० प्रतिशतले हुने रु.१८,००,०००।- मध्ये रु.७,००,०००।- मात्र दाखिला गराएको र रु.१८,००,०००।- को बैंक जमानत तथा मूल्य अभिवृद्धि कर समेत दाखिला नगरी हालसम्म मूल्य अभिवृद्धि कर समेत रु.१५,६८,०००।- असुल हुन बाँकी रहेको अवस्थामा सो रकम राजस्व चुहावट गरी भ्रष्टाचार गरेको पुष्टि भइरहेको हुँदा सो कसुरमा संलग्न प्रतिवादीहरुलाई आरोप दाबी बमोजिम सजाय हुनुपर्नेमा सो तर्फ अन्देखा गरी भएको फैसला त्रुटिपूर्ण भई वदरभागी रहेको छ ।<br>(ख) प्रस्तुत वारदातमा चन्द्रपुर नगरपालिका, रौतहटले आ.व.२०७७/०७८ मा ठेक्का नं. १८/०७७/०७८ मा चाँदी नदीको नदीजन्य पदार्थ विक्री ठेक्का मा सबै भन्दा बढी कवोल अंक (मु.अ.क.) बाहेक रु.३६,००,०००।- गर्ने आशिक कन्स्ट्रक्सनलाई आफूले कवोल गरेको अंक रकमको ५० प्रतिशतले हुने रु.१८,००,०००।-रकम नगरपालिकाको आन्तरिक आय खातामा दाखिला गरी सोको सक्कल भौचर र वाँकी रु.१८,००,०००।- रकमको २०७८ बैसाख मसान्त सम्मको कार्य सम्पादन बैंक ग्यारेटी सहित सम्झौता गर्न आउनु हुन भनि मिति २०७७।०८।१४ मा उक्त नगरपालिकाले उक्त आशिक कन्स्ट्रक्सनलाई पत्राचार गरेको देखिएको, उल्लेखित पत्र विपरित गई यी प्रतिवादीहरुको मिलेमतोमा राजश्व हिनामिना गर्न उक्त बोल कवोल अंकको ५० प्रतिशतले हुने रु.१८,००,०००।- रकमको २०७८ बैसाख मसान्त सम्मको कार्य सम्पादन बैक ग्यारेण्टी तथा सम्झौता मितिमा नै दाखिला गर्नु पर्नेमा रु.१८,००,०००।-मध्येको पनि रु.७,००,०००।- मात्र ठेकेदारबाट दाखिला गराई वाँकी रकम सम्झौता भएको मितिले सात दिन भित्र दाखिला गर्ने गरी २०७७ चैत्र मसान्त सम्म नदिजन्य पदार्थ संकलन, ओसारपसार र विक्रीवितरण गर्ने गरी मिति २०७७।०८।२२ मा सम्झौता गरी अस्थायी भोगचलन पट्टा दिएको मिसिल संलग्न कागजातबाट |

## आयोगबाट मिति २०८१/१२/०६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरिएको मुद्दाको विवरण

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रतिवादी राम विनोद राउत बरैका हकमाः- यी प्रतिवादी समेतको आपसी मिलोमतोमा प्रतिवादीहरुलाई गैरकानूनी लाभ तथा नगरपालिकालाई हानी नोक्सानी हुने गरी सम्झौता गर्दा लिनुपर्ने रकम र बैंक जमानत नलिई सम्झौता गरेको हुँदा निज प्रतिवादी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुरको मतियार भई निज प्रतिवादीले सो ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर गरेकोले निज प्रतिवादीलाई मुख्य कसुरदारलाई हुने सजाय सरह सजाय हुन मागदावी लिई आरोपपत्र दायर भएको अवस्था देखिन्छ | | देखिएकोमा प्रस्तुत मुद्दामा ठेकेदारसंग सम्झौता गर्दा कबोल अंक रु.३६,००,०००।- को ५० प्रतिशतले हुने रु.१८,००,०००।- मध्ये रु.७,००,०००।- मिति २०७७।८।२१ मा चन्द्रपुर नगरपालीकाको खातामा दाखिला गराएको र बाकि रु.११,००,०००।- र सो को मूल्य अभिवृद्धि कर रु.४,६८,०००/ गरी जम्मा रु. १५,६८,०००।- समेत दाखिला गर्नुपर्नेमा सो नगरी हालसम्म मूल्य अभिवृद्धि कर समेत रु.१५,६८,०००।- असुल हुन बाँकी रहेको भन्ने देखिरहेको अवस्थामा राजस्व चुहावट गर्ने गराउने कार्यमा यी प्रतिवादीहरु उक्त चन्द्रपुर नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत कृष्ण प्रसाद सिग्देल, लेखा अधिकृत/राजस्व शाखा प्रमुख किर्तिराज सुवेदी र ठेकेदार राम विनोद राउत बरैको प्रत्यक्ष संलग्नता देखिन्छ निज प्रतिवादीहरुले उक्त ठेक्का सम्झौता गर्दा दाखिल गर्नुपर्ने राजश्व दाखिला नगरी भष्टाचार गरेको कसूर निर्विवाद रुपमा पुष्टि भईरहेको अवस्थामा नगरपालिकाबाट मिति २०८०/०३/२१ बाँकी रकम बुझाउन ठेकेदारलाई पत्राचार गरेको देखिएको भन्ने आधारमा सो दावी तर्फको आरोपदावी पुग्न नसक्ने ठहर गरी भएको प्रस्तुत फैसला मिसिल संलग्न उक्त कागज प्रमाण मूल्याँकनको रोहमा त्रुटीपुर्ण भएकोले वदरभागी छ ।<br>अतः प्रस्तुत मुद्दामा उल्लिखित आधार कारण र प्रमाणहरुबाट यि प्रतिवादीहरुको राजश्व छली गर्ने मनसायजन्य कार्य Intentional Act बाट राज्यको रु. १५,६८,०००।— नोक्सानी भएको देखिन्छ र उक्त रकम हालसम्म पनि दाखिला नभईसकेको अवस्थामा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देलसमेत लाई आरोप दावीवाट सफाई हुने ठहर गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु कृष्ण प्रसाद सिग्देल, कीर्तिराज सुवेदी र रामविनोद राउत बरै उपर आरोपदावी वमोजिम बिगो तथा कसुर कायम गरी सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गरिन्छ। |